सम्बत् २०७५ साल भदौ ३ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम रहेको छ : -

१. अर्थ मन्त्रालय- विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बाट एकिकृत सार्वजनिक वित्त व्यवस्थापन सुधार आयोजनाका लागि प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने ।

२. अर्थ मन्त्रालय- बेरुजु फछ्र्यौट मूल्यांकन र अनुगमन समितिको सदस्य सचिवमा श्रीमती रमा जोशी दुलाललाई मनोनयन गर्ने ।

३. अर्थ मन्त्रालय- प्रदेश सरकारको निकासा सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

४. अर्थ मन्त्रालय- सार्वजनिक खर्च पुनरावलोकन आयोग गठन गर्ने

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - पञ्चेश्वर विकास प्राधिकरणको अतिरिक्त प्रमुख कार्यकारी अधिकृत पदमा सह-सचिव श्री चिरन्जीवी चटौतलाई, कार्यकारी निर्देशक (पुनर्वास तथा पुनर्स्थापना) पदमा श्री चुर्ण बहादुर ओलीलाई तथा कार्यकारी निर्देर्शक (प्राविधिक) पदमा सु.ई. श्री नरेन्द्र सिंह भण्डारीलाई काम काज गर्नखटाउने गर्ने ।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - Memorandum of Understanding for Establishment of the BIMSTEC Grid Interconnection मा नेपालको तर्फबाट हस्ताक्षर गर्न परराष्ट्र मन्त्रीलाई अख्तियारी दिने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - पञ्चेश्वर विकास प्राधिकरणको कार्यकारी निर्देशक (वित्त) मा सह-सचिव श्री बाबुराम अधिकारीलाई कामकाज गर्न खटाउने ।

८. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय- दक्षिण एसिया अनुसन्धान गुठि र काठमाण्डौ युनिभर्सिटि स्कुल अफ ल लाई तीस लाख अनुदान उपलव्ध गराउने ।

९. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालयको — कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ स्वीकृत गरी मुद्दा हेर्ने अधिकारी तोक्ने, मुलुकी फौजदारी कार्यविधी (संहिता) ऐन,२०७४ को अनुसूचीमा हेरफेर गर्ने तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम बिबाह दर्ता प्रमाणपत्रको ढाँचा तोक्ने ।

१०. गृह मन्त्रालय — सह-सचिव श्री शिव प्रसाद सिंखडाको राजीनामा स्वीकृति ।

११. गृह मन्त्रालय- माननीय निर्वाचन आयुक्त इश्वरीप्रसाद पौड्यालसमेतको श्रीलङ्का भ्रमण स्वीकृत गर्ने ।

१२. गृह मन्त्रालयको - वैयक्तिक गोपनीयताका विषयको व्यवस्था गर्न बनेको विधेयकलाई संघीय संसद् समक्ष पेश गर्न स्वीकृति दिने ।

१३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय- सहसचिव श्री कुल प्रसाद चुडालको राजीनामा स्वीकृत गर्ने ।

१४. रक्षा मन्त्रालय- प्राविधिक महासेनानी द्वय डा. राजिव राज शाही र डा. उदय बज्र बज्राचार्यलाई प्राविधिक सहायक रथी दर्जामा र प्राविधिक प्रमुख सेनानी नम्रता महरालाई प्राविधिक महासेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

१५. रक्षा मन्त्रालय- महासेनानी हिमांशु खड्कासमेत १० जना महासेनानीहरूलाई सहायकरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने तथा सहायकरथी कुवेर थापा समेत १७ जना सहायकरथीहरूलाई सरुवा गर्ने ।

१६. रक्षा मन्त्रालय- नेपाली सेनाका बलाधिकृत नं .११६१ रथी पूर्णचन्द्र थापालाई महारथी दर्जामा पदोन्नति गरी प्रधान सेनापति पदमा नियुक्ति गर्ने ।

१७. रक्षा मन्त्रालय- माननीय उपप्रधान तथा रक्षामन्त्रीको नेतृत्वमा लेवनान तथा पोल्याण्ड भ्रमणमा जान स्वीकृति प्रदान गर्ने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-गृह सचिव श्री प्रेम कुमार राई र पुर्व मुख्य सचिव श्री दामोदर प्रसाद गौतमलाई निजामती सेवा पुरस्कार सिफारिस समितिको सदस्य तोक्ने ।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -अस्थायी तथा सेवा करार सम्झौता बमोजिम कामकाज गरिरहेका जनशक्ति व्यवस्थापन गर्ने ।

२०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय- ITU Telecom World 2018 मा भाग लिन सञ्चार तथा सूचना प्रविधी मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङलाई स्वीकृति प्रदान गर्ने विषयको ।

२१. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

क्र.सं.	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री नारायणप्रसाद विडारी	प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा	प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ७, धनगढी
२.	श्री लक्ष्मीराम पौडेल	प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ७, धनगढी	प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- स्थानीय तहको अन्तरिम संगठन संरचना तथा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ मा संशोधन गर्ने ।

२३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था गर्न बनेको संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने ।

२४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- भूमि सम्बन्धी (सातौं संशोधन) विधेयक, २०७५ संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने ।

द्रष्टब्य : निर्णयसँग सम्बन्धित थप विवरणहरु सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

सम्बत् २०७५ साल भदौ ८ गते शुक्रबारका दिन १६.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम रहेको छ :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- Forty-eighth Session on Intergovernmental Panel on Climate Change विषयक सम्मेलनमा सहभागी हुन राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा.कृष्ण प्रसाद ओलीलाई स्वीकृति प्रदान गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — First Meeting of the Public Private Partnership Network of Asia and the Pacific मा सहभागी हुन राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री सुशील भट्टलाई स्वीकृति प्रदान गर्ने गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सचिव श्री विष्णु ओम बादेको घर विदा स्वीकृत गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सचिव श्री डिल्लीराज घिमिरेको घर विदा स्वीकृत गर्ने।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — अपराध पीडितलाई राहत उपलब्ध गराई दिने।

६. अर्थ मन्त्रालय— उप-महालेखापरीक्षक श्री बाबुराम गौतमलाई कुवेतमा आयोजना हुने बैठकमा सहभागि हुन स्वीकृति प्रदान गर्ने।

७. अर्थ मन्त्रालय— उप-महालेखापरीक्षक श्री ईश्वर नेपाललाई घानाको आक्रामा आयोजना हुने लेखापरीक्षण जवाफदेहिता सम्बन्धी बैठकमा भाग लिन स्वीकृति प्रदान गर्ने।

८. अर्थ मन्त्रालय- सुरक्षित आप्रवासन परियोजना, तेश्रो चरण (सन् २०१८-२०२२) कार्यान्वयन गर्न स्वीजरल्याण्ड सरकारबाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने।

९. अर्थ मन्त्रालय — माननीय महालेखापरीक्षक टंकमणि शर्मा दंगाल समेत दुई जना लाई भियतनाममा आयोजना हुने बैठकमा भाग लिन स्वीकृति प्रदान गर्ने ।

१०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय-

१.घरेलु तथा साना उद्योग विकास समितिका विषयको देहायबमोजिम गर्ने-

(क) घरेलु तथा साना उद्योग विकास (समिति) गठन आदेश, २०५० खारेज गर्ने ।

(ख) साविकको घरेलु तथा साना उद्योग विकास समितिको केन्द्रीय संरचनालाई घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रमा रूपान्तरण गर्ने र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको समन्वयमा सुधारसहितको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण तयार गरी कर्मचारीको व्यवस्थापन गर्ने ।

(ग) साविकमा घरेलु तथा साना उद्योग विकास समिति मातहत जिल्लामा रहेका कार्यालयहरूलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी प्रदेशमा हस्तान्तरण गर्ने ।

(घ) साविकको समितितर्फका कर्मचारीहरूको हकमा घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र (गठन) आदेश जारी भइ सो अनुसारको कर्मचारी सेवा शर्त निर्धारण नभएसम्म साविकको कर्मचारी सेवा शर्त नियमावली लागू हुने ।

२. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान र विशेष आर्थिक क्षेत्र प्राधिकरणका विषयको थप गृहकार्य गरी पेश गर्ने ।

११. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— माननीय उद्योग, बाणिज्य तथा आपुर्ती मन्त्रीसमेत लाई मित्रराष्ट्र भारतको नयाँ दिल्ली भ्रमणमा जान स्वीकृति प्रदान गर्ने ।

१२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय- राजपत्रांकित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

१३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय- माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई बंगलादेशमा हुने ऊर्जा सप्ताह तथा मन्त्रीस्तरीय सेसनमा सहभागी हुन स्वीकृति दिने ।

१४. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दिनेश कुमार थपलियालाई प्रशासकीय अदालतको सदस्य तोक्ने ।

१५. खानेपानी मन्त्रालय- गैरआवासीय नेपाली संघको दुबईमा हुने कार्यक्रममा मा. खानेपानी मन्त्रीको भ्रमण समर्थन गर्ने ।

१६. गृह मन्त्रालय- Advance Security Cooperation Course कार्यक्रममा सहभागी हुन गृह मन्त्रालयले नै सशस्त्र प्रहरी नायब महानिरीक्षक वा सशस्त्र प्रहरी वरिष्ठ प्रहरी उपरीक्षकमध्ये एक जनालाई उपयुक्तताको आधारमा मनोनयन गर्ने गरी प्रस्ताव फिर्ता गर्ने ।

१७. गृह मन्त्रालय - अन्तर्राष्ट्रिय प्रहरी प्रमुखको १२५ औं वार्षिक सम्मेलनमा राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक गणेश अधिकारीको नेतृत्वमा गृह मन्त्रालयले नेपाल प्रहरीका एक जना प्रहरी नायब महानिरीक्षक र सशस्त्र प्रहरी बल नेपालका एक जना सशस्त्र प्रहरी नायब महानिरीक्षक मनोनयन गर्ने गरी सहभागी हुन स्वीकृत दिने ।

१८. गृह मन्त्रालयको — नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७८ बमोजिम संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति गठन भै उक्त समितिबाट वार्ता हुन छूट भएका विभिन्न समूह र विगतको संक्रमणकालिन परिवेशमा देखिएका केही द्वन्द्वरत समूहसँग वार्ता गरी यस्ता समूहलाई संवैधानिक र शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याई दिगो शान्ति सुव्यवस्था स्थापना गर्न तथा विगतका सहमति-सम्झौता-समझदारीका विषयमा अध्ययन विश्लेषण गरी कार्यान्वयन गर्नका लागि आवश्यक सुझावहरु नेपाल सरकारलाई सिफारिस गर्न देहाय बमोजिम एक राजनीतिक वार्ता टोली २०७५ गठन गर्ने ।

(१) माननीय सोमप्रसाद पाण्डे प्रतिनिधिसभा -संयोजक

(२) श्री सुरेश आलेमगर भानु न.पा. ६, तनहुँ -सदस्य

(३) श्री ताराकान्त चौधरी, सप्तरी -सदस्य

(४) श्री लीला कुमारी भण्डारी, कैलाली -सदस्य

(५) गृह मन्त्रालयले तोकेको मन्त्रालय वा अन्तर्गतको सह सचिव -सदस्य सचिव

१९. परराष्ट्र मन्त्रालय- संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, जेनेभाको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

२०. परराष्ट्र मन्त्रालय-माननीय परराष्ट्रमन्त्रीबाट भएको भारत भ्रमणको समर्थन गर्ने ।

२१. परराष्ट्र मन्त्रालय-बिमस्टेक राष्ट्रहरूको चौथो शिखर सम्मेलन आयोजना गर्दा एवं म्यान्मार र श्रीलङ्काका राष्ट्रपतिहरूले नेपालको द्विपक्षीय भ्रमण गर्नुहुँदा लाग्ने खर्च निकासा गर्ने ।

२२. रक्षा मन्त्रालय— महासेनानी यामप्रसाद ढकालसमेत ५ जना महासेनानीहरूको पदावधि थप गर्ने ।

२३. रक्षा मन्त्रालय- नेपाली सेनाका व्य.नं. २०८० प्रा. उपरथी श्री अजित वरसिंह थापालाई मेडल परेड कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

२४. वन तथा वातावरण मन्त्रालय- मिति २०७१।१।२५ को नेपाल सरकार (मन्त्रिपरिषद) को बैठकबाट माथिल्लो त्रिशुली ३ ए २२० के.भी. प्रसारणलाईनको लागि धादिङ, नुवाकोट र काठमाण्डौं जिल्लाहरुको जम्मा ५३.३४ हेक्टर वन क्षेत्र प्रयोग गर्न र १८७२९ वटा रुखहरु हटाउन स्वीकृति दिएको निर्णय संशोधन गर्ने ।

२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय-

(क) राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (गठन) आदेश, २०५२ लाई निरन्तरता दिई राष्ट्रिय विधि विज्ञान प्रयोगशालालाई कायम राख्ने ।

(ख) वि.पी. कोइराला मेमोरियल, प्लानेटेरियम तथा अब्जरभेटरी, विज्ञान संग्रहालय विकास समिति र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका हकमा सुधार सहितको एकीकृत संरचना तयार गर्न थप गृह कार्य गरी प्रस्ताव गर्ने ।

२६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - Regional Cooperative Agreement (RCA-2017) स्वीकृति (Acceptance) का लागि संघीय संसदमा पेश गर्ने ।

२७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — बि.पि. कोइराला मेमोरियरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालयका कार्यकारी निर्देशकको राजीनामा स्वीकृत गर्ने ।

२८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - राष्ट्रिय शिक्षा दिवसमा प्रदान गरिने पदक तथा छात्रवृत्ति सम्बन्धी निर्देशिका स्वीकृत गर्ने ।

२९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- BIMSTEC Technology Transfer Facility (TTF) स्थापना सम्बन्धी Memorandum of Association हस्ताक्षरको लागि स्वीकृति प्रदान गर्ने ।

३०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - बंगलादेशको ढाकामा हुने कार्यक्रममा सहभागी हुन सचिवलाई स्वीकृति प्रदान गर्ने ।

३१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- बंगलादेशको ढाकामा हुने 2nd BIMSTEC Ministerial Meeting on Culture and Culture Festival, 2018 मा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री लाई सहभागिता हुन स्वीकृति प्रदान गर्ने।

३२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको -उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान समिति; वादी समुदाय उत्थान विकास समिति र पिछडिएको समुदाय उत्थान विकास समिति खारेज गर्ने प्रस्ताव थप गृहकार्य गरी पेश गर्न फिर्ता गर्ने ।

३३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यादेश विषयको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

३४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयअन्तर्गत रहने प्रतिष्ठानहरू, जलस्रोत तथा सिँचाइ विभाग आयोजना व्यवस्थापन समूहको पुल दरबन्दी र प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका सिँचाइ व्यवस्थापन कार्यालयहरूको संगठन तथा दरबन्दी तेरिज स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

३५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-निजामती सेवा ऐन, २०४९ मा संशोधन गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने विषयमा लोक सेवा आयोगको परामर्श माग गर्ने ।

३६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- EROPA को 64th EROPA Executive Council and Conference मा सहभागी हुन प्रस्तावित सचिव र सहसचिवमध्ये एक जनामात्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले मनोनयन गरी पठाउन स्वीकृति दिने ।

३७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय-सरकारी निकायमा विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापन निर्देशिका, २०७५ स्वीकृत गर्ने प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

३८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय- ICT Ministerial Meeting 2018 र IOT Korea Exhibition 2018 मा भाग लिने माननीय सूचना तथा सञ्चार प्रविधी मन्त्रीलाई स्वीकृति प्रदान गर्ने ।

३९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- बेलायतको लण्डनमा हुने कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने ।

४०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको -निजामती कर्मचारी थप आर्थिक सहायता (व्यवस्थापन) निर्देशिका, २०७५ स्वीकृति विषयको प्रस्ताव फिर्ता पठाउने ।

४१. देहायका व्यक्तिहरूलाई उपचार खर्चबापत देहायबमोजिमको रकम आर्थिक सहायता उपलब्ध गराउने ।

(क) काठमाडौं महानगरपालिका-७ निवासी सुरेद्र के.सी.को निवेदनलाई दृष्टिगत गरी युवराज खड्कालाई तीन लाख रुपैयाँ ।

(ख) महोत्तरी, पिपरा निवासी हरीशंकर मिश्रको निवेदनलाई दृष्टिगत गरी निजलाई पाँच लाख रुपैयाँ ।

द्रष्टब्य : निर्णयसँग सम्बन्धित थप विवरणहरु सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

सम्बत् २०७५ साल भदौ ९ गते शनिबारका दिन १८.३० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम रहेको छ : -

१.गृह मन्त्रालय - कन्चनपुर घटनामा मृत्यु भएका सन्नी खुनालाई शहीद घोषणा गर्ने ।

२.सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका निकायहरूको संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने ।

द्रष्टब्य : निर्णयसँग सम्बन्धित थप विवरणहरु सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

सम्बत् २०७५ साल भदौ १७ गते आइतबारका दिन १७:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम रहेको छ :

१. अर्थ मन्त्रालय- नायब महालेखापरीक्षक श्री विश्वनाथ रेग्मीको राजीनामा स्वीकृत गर्ने ।

२. अर्थ मन्त्रालय-नागरिक लगानी कोषको कार्यकारी निर्देशकको राजीनामा स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय- World Bank र International Monetary Fund को Joint Annual Meeting मा नेपालको सहभागिताका लागि प्रतिनिधिमण्डल मनोनयन गर्ने ।

४. अर्थ मन्त्रालय- संस्थान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

५. अर्थ मन्त्रालय- स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजस्व छुट सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

६. अर्थ मन्त्रालय- अरुण-३ जलविद्युत परियोजनाको प्याकेज "सी२" तर्फका ठेकेदार पटेल इन्जिनियरिङ्ग लि. ले आयोजनाको कार्य सम्पादनका लागि पैठारी गर्ने मिल मेशिनरी, निर्माण उपकरण र इक्यूप्मेण्टहरू लगतमात्र राखी भन्सार जाँचपास गर्ने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय-नेपालमा विद्युतीय व्यापार (E-Commerce) को राष्ट्रिय कार्ययोजना स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- सचिव यामकुमारी खतिवडा (बास्कोटा) को घर बिदा स्वीकृत गर्ने ।

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- China International Import Expo 2018 मा माननीय उद्योग, बाणिज्य तथा आपुर्ती मन्त्री श्री मातृका प्रसाद यादव र सचिव श्री चन्द्र कुमार घिमिरेलाई सहभागि हुन स्वीकृति प्रदान गर्ने ।

१०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- नेपाल-चीन पारवहन सम्झौताको Protocol सम्बन्धी वार्ता (Consultative Meeting) मा सहभागिताका लागी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह-सचिव श्री रबि शंकर सैंजुको नेतृत्वमा बार्ता टोली गठन गर्ने।

११. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय- राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

१२. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय- खाद्य स्वच्छता तथा गुणस्तर नियमन सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१३. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय- पशु स्वास्थ्य तथा पशु सेवा परिषद् सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

१४. गृह मन्त्रालय- राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

१५. गृह मन्त्रालय- विभूषणको घोषित नामावली रद्द गर्ने ।

१६. गृह मन्त्रालय- प्रहरी(पाचौं संशोधन) नियमावली, २०७५ लोक सेवा आयोगको परामर्श माग गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१७. परराष्ट्र मन्त्रालय-नेपालको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र श्रीलङ्काको बन्दरानायके अन्तर्राष्ट्रिय कूटनीतिक तालिम प्रतिष्ठानबीच समझदारीपत्रमा हस्ताक्षर गर्ने ।

१८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- मेची पुलको लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न स्वीकृति गर्ने ।

१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- "MEMORANDUM OF UNDERSTANDING BETWEEN THE GOVERNMENT OF THE REPUBLIC OF INDIA AND THE GOVERNMENT OF NEPAL REGARDING PRELIMINARY ENGINEERINF-CUM-TRAFFIC-SURVEY OF THE BROAD GAUGE LINE BETWEEN RAXAUL AND KATHMANDU" मा नेपालको तर्फबाट हस्ताक्षर गरेको समर्थन गर्ने ।

२०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय-सवारी तथा यातायात व्यवस्था नियमावली, ०५४ को नियम ४ को उपनियम (३) सँग सम्बन्धित अनुसूची-६ को द्रष्टव्यको क्रमसंख्या ३ र सोही क्रमसंख्या ३ को खण्ड (क) मा संशोधन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -The Belt and Road Countries (Regions) Enterprises Destiny Community Cooperation and Development Conference र 2018 Belt and Road Rail Transit International Summit विषयक कार्यक्रममा सहभागी हुन माननीय भौतिक पुर्वाधार तथा यातायात मन्त्रीलाई स्वीकृति प्रदान गर्ने ।

२२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय- महिला विरुद्ध हुने हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९८९ को छैठौं आवधिक प्रतिवेदन माथि प्राप्त भएको List of Issues को जवाफ सहितको प्रतिवेदन संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोगको उच्च आयुक्तको कार्यालयको CEDAW Committee मा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

२३. रक्षा मन्त्रालय- महा सेनानी टंक भट्टलाई अर्को व्यवस्था नभएसम्मका लागि बाहिनीपति, (सहायक रथी) पदमा कायम मुकायम मुकरर गर्ने ।

२४. वन तथा वातावरण मन्त्रालय-माथिल्लो खोरुङ्गाखोला जलविद्युत आयोजना (७.५०मे.वा.) निर्माण गर्न वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-गाउँपालिका, नगरपालिका तथा वडाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

द्रष्टब्य : निर्णयसँग सम्बन्धित थप विवरणहरु सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।